# 多言語情報コーナー　　　　　　　　　（令和６年　９月号）

## (१) भूकम्पको लागि आफ्नो तयारीहरुको जाँच गरौं भन्ने बारे जानकारी !

यहि अगस्त ८ तारीख़, मियाजाकी प्रान्तमा ७ दशमलव १ रेक्टर स्केलको भूकम्प गएको थियो। जापान मौसम विज्ञान विभागले नानकाई ट्रफ़ भूकम्पका कारण ठूलो भूकम्पको सम्भावना सदाको भन्दा बढ़ी रहेको भन्दै आपतकालीन सल्लाहरु जारी गर्दै सावधानी अपनाउन आह्वान गरेको थियो।

नानकाई ट्रफ़ भनेको, शिजुओका प्रान्त देखि मियाजाकी प्रान्त सम्मको समुन्द्री तल (सतह) मा रहेको एउटा खाडल जस्तो भौगोलिक आकृति हो जहाँ जापानी द्वीपसमूह तिर महासागरीय प्लेट, ल्याण्ड प्लेटको मुनि दब्छ, र यो विश्वास गरिन्छ कि यी प्लेटहरू बीचको सीमा सर्दा ठूलो भूकम्प आउँछ।

नानकाई ट्रफमा करिब १०० देखि १५० वर्षको अन्तरालमा ८ रेक्टर स्केलका ठूला भूकम्पहरू बारम्बार आउँछन्।

सरकारको भूकम्प अनुसन्धान आयोगले, आगामी ३० वर्षभित्र ८ देखि ९ रेक्टर स्केलको ठूलो भूकम्प जाने सम्भावना ७० प्रतिशतदेखि ८० प्रतिशतसम्म रहेको भविष्यवाणी गरेको छ।

नानकाई ट्रफ मेगा-भूकम्पको घटनामा, कान्तोउ क्षेत्रबाट ओकिनावा क्षेत्रसम्म तीव्रता ६ भन्दा कम वा माथिको भूकम्पको हिंसक धक्का र 3 मिटर वा सोभन्दा बढीको सुनामी आउने खतरा छ।

तोचिगी प्रान्तमा ठूलो क्षतिको सम्भावना कम भएता पनि भूकम्पका लागि दैनिक रूपमा आफ्नो तयारीलाई पुन: जाँच गरिराख्न  महत्त्वपूर्ण छ।

"दैनिक तयारीहरू" मा, फर्निचरहरू सुरक्षित (नहल्लिने) बनाउने, निकासी र आश्रय स्थलहरू र मार्गहरूको जाँच गर्ने, खाने पानीको  भण्डारण गर्ने, र प्रकोप घटित् भएको बेला परिवारका सदस्यहरू संग कसरी सम्पर्क क़ायम गर्ने भनेर जाँच गर्ने आदि समावेश छन्।

भूकम्प, नानकाई ट्रफ़मा मात्रै होइन, कहिले र कहाँ आउँछ भन्नेकुरा थाहा हुँदैन। जापानमा बस्दा, भूकम्पको लागि तयारी गरेर, आपतकालीन अवस्थामा, नअत्तालिईकन सुरक्षाका कदमहरु चाल्न सकिने गरि, बेलैमा अथवा दैनिक रूपमा सोचिराख्नु आवश्यक छ।

## (२) समायोजन लाभ बारे जानकारी !

मुद्रास्फीतिलाई पूर्ण रूपमा नियंत्रण गर्न व्यापक आर्थिक उपायहरूमा बढ्दो मूल्यको समर्थनको एक भागको रूपमा, करदाता र एउटै घरमा बस्ने पति/पत्नी वा आश्रित नातेदारले प्रति व्यक्ति ४०,००० येन (सन् २०२४ सालको आयकरबाट ३०,००० येन र सन् २०२४ सालको व्यक्तिगत निवास कर आयबाट १०,००० येन) "निश्चित रकम कर कटौती" लागू गरिनेछ।

त्यस समयमा, पूर्ण निश्चित कर कटौती प्राप्त गर्न असक्षम हुने अपेक्षा गरिएकाहरूले, निश्चित रकमबाट घटाउन नसकिने रकमलाई नजिकको १०,००० येनमा मिलाएर गणना गरिएको "समायोजन लाभ" प्राप्त गर्नेछन्।

सन् २०२४ साल जनवरी १ तारीख़ सम्ममा, तोचिगी शहरमा ठेगाना भएर, जसले आयकर र व्यक्तिगत निवास कर मध्य कुनै एक कर तिरेका छन्, र निश्चित कर कटौती द्वारा कभर गर्न नसकिने रकम देखा परेकोछ भने, लाभको लागि योग्य व्यक्तिहरुमा पर्दछन्।

तोचिगी शियाकुस्योले, यो लाभ पाउने योग्य व्यक्तिहरुलाई, यहि अगस्त महिनाको शुरूतिर पुग्नेगरि “समायोजन लाभ भुक्तानी
पुष्टिकरण” फारम हुलाक मार्फ़त पठाईसकेको छ।

उक्त लाभ प्राप्त गर्नका लागि, जवाफ पठाउन आवश्यक छ। भुक्तानी पुष्टिकरण फारम प्राप्त गरेपछि, भर्नुपर्ने विवरणहरु जाँच गरि, आवश्यक विवरणहरु भरेर, आफ्नो परिचयपत्रको फ़ोटोकपि आदि संलग्न राखि, साथमा आएको फ़िर्ती खाममा हालेर फिर्ता पठाउनु होला।

आवेदन अवधि २०२४ साल अक्टोबर ३१ सम्म रहेको छ।

यदि तपाईं उक्त लाभ पाउन योग्य हुने अपेक्षा गरिएको छ तर पुष्टिकरण पत्र प्राप्त गर्नुभएको छैन भने, कृपया ०२८२-२५-५२११ मा तोचिगी-शि रिन्जी क्युउफुकिन् कल सेण्टरमा सम्पर्क गर्नुहोला।

त्यस समयमा, तपाईंको जन्म मिति र नाम बताउनुहोस्। तपाईंले कर तिरेको नै भुक्तानीको लागि शर्त हो।

## (३) उजुमा खोला आन्दोन् माचुरी (कागजको लालटेन महोत्सव) बारे जानकारी !

तोचिगी नगरको प्रतीक मानिने र नगरको केन्द्रबाट भएर बग्ने उजुमा खोलाको ग्रीष्मकालीन रातलाई शानदार रूपले रंगीन बनाउने “एघारौं उजुमा खोला लालटेन महोत्सव” आयोजना हुँदैछ।
काईउङबासी (पुल) देखि उजुमा पार्क सम्म, तोचिगी नगरमा जन्मेका किरीए-शि (किरीए = कागज काटेर बनाईने कला र शि= कलाकार) कावाशिमा गास्युउ ज्युद्वारा निर्मित भकारी र रथ आदिका किरीए टाँसेर सजाईएका १२३ वटा कागजका लालटेन स्थापित गरेर, ग्रीष्मकालको साँझलाई शानदार रूपमा रंगीन बनाईनेछ।
सेप्टेम्बर महिनाको ३० तारीख़ सम्म, बेलुकी ७ बजे देखि राती १० बजे सम्म लालटेन बालिने हुनाले, लालटेनको प्रकाशले प्रज्वलित नदीको किनार तिर बिस्तारै घुमेर आनन्द लिंदा कसोहोला !
स्थापित लालटेनहरु सड़कतिर फर्काईएका हुनाले, सवारी साधनहरुको आवत-जावतका बेला सावधान रहनुहोला।